# अन्नपूर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

सम्पर्क नं. : ९८५७६६८३८१०

Email: ito.annamun@gmail.com

Web: annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल।


प.सं. : २०८१।०८२

च. नं. :

सूचना ! सूचना !! सूचना !!!

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम सूचना प्रकाशित मिति : २०८१।०७।२८ गते)

**दोस्रो सूचना प्रकाशन मिति : २०८१।०८।२६ गते**

अन्नपूर्ण गाउँपालिका पशु सेवा शाखाबाट कार्यान्वयन हुने गरी आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमा रहेका तपसिलमा उल्लेखित कार्यक्रमहरुमा सहभागी हुनका लागि देहाय अनुसारका न्यूनतम् शर्तहरु पुरा गर्ने आवेदकहरुले आवश्यक कागजातहरु समावेश गरि यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले **१५ दिन** (२०८१/०९/१० गते) भित्र तोकिएको ढाँचामा ***यस कार्यालयमा*** तथा ***सम्बन्धित वडा कार्यालयमा*** आवेदन पेश गर्नुहुन सम्बन्धित सम्पूर्णमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र. सं. | कार्यक्रमको नाम | बार्षिक लक्ष्य | कुल बजेट | अनुदान प्रतिशत / प्रोत्साहनको दर | आवश्यक न्युनतम शर्त तथा मापदण्ड |
|---|---|---|---|---|---|
| १ | उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम<br>१.१ भेडा<br>१.२ बाखा<br>१.३ गाई<br>१.४ भैंसी | ३० वटा | ७ लाख | कार्यविधि अनुसार | • आवेदक : बिगत २ बर्षमा कुनै अनुदान नलिएको कृषक, समुह, सहकारी, तथा निजी व्यवसायिक फर्म हुनुपर्नेछ ।<br>• **भेंडा/बाखाको** हकमा कम्तिमा १५ वटा माउ भेडी/बाखा पालेको हुनुपर्नेछ ।<br>• **गाई/भैंसीको** हकमा कम्तिमा ३-४ वटा गाई/भैंसी पालन गरेको वा बार्षिक १०००-१२०० लि. दूध उत्पादन गरि फर्म/समुह/सहकारी मार्फत दूध बिक्री गरेको हुनुपर्नेछ ।<br>• अन्य नियमहरु **कृषि विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि,** २०८१ अनुसार । |

**पेश गर्नुपर्ने कागजातहरु:**

- निवेदन (अनुसूची २ बमोजिम), प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी ।
- दर्ता/नवीकरण भएको प्रमाण-पत्र, **PAN/VAT** दर्ता प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु ।
- व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची ३ बमोजिम)
- अघिल्लो २ वर्ष भित्रमा कुनै कार्यालयबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र (अनुसुची ७ बमोजिम)
- वडाको कार्यक्रम सञ्चालनमा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सम्बन्धित वडाको सिफारिस पत्र।
- कृषक समुहको हकमा अनुदानको माग गर्न गरिएको निर्णयको प्रतिलिपी।
- जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी वा अर्काको नाममा रहेको जग्गामा कार्यक्रम सञ्चालन गर्ने भए जग्गा धनीको मञ्जुरीनामा, जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करारनामा पत्र।

**पुनश्चः** आवश्यक कागजात साथ् पेश नभएको निवेदन माथि कुनै कारबाही नहुने जानकारी गराईन्छ । कार्यक्रम संग सम्बन्धित निवेदन ढाँचा, कार्ययोजना (प्रस्ताव), कार्यविधि तथा सम्बन्धित मापदण्डहरु यस कार्यालयको वेबसाईट *annapurnamunmyagdi.gov.np* बाट डाउनलोड गर्न सकिनेछ ।

**विस्तृत जानकारीका लागि यस अन्नपूर्ण गा.पा. पशु सेवा शाखाको सम्पर्क नं. ९८६३८७४९३४, ९८४७६७०८९० मा सम्पर्क राख्नु हुन अनुरोध छ ।**

Sharma

रामप्रसाद शर्मा